# मालिकार्जुन गाउँपालिका
# Malikarjun Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
# Office of Rural Municipal Executive

प.सं. २०८२/०८३ शंकरपुर, दार्चुला
च.नं. सुदूरपश्चिम, नेपाल

मालिकार्जुन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शंकरपुर, दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल

## सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना।

(प्रथम पटक सूचना प्रकाशन मितिः- २०८२-०५-१७ गते मंगलबार)

**नेपाल सरकार र स्वीस सरकारबीच द्विपक्षीय सम्झौता अनुसार सञ्चालित सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम (चौथो चरण)** अन्तर्गत मालिकार्जुन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, शंकरपुर, दार्चुलामा सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सूचना तथा परामर्श, न्यायमा पहुँच, मनोसामाजिक परामर्श, वित्तीय साक्षरता र सीपमुलक तालिम तथा कार्यक्रम सञ्चालन गर्नका लागी निम्नानुसारको जनशक्तिको आवश्यकता भएकोले तपसिलको योग्यता पुगेका नेपाली नागरिकहरुबाट उल्लेखित पदका लागि दरखास्त आव्हान गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | पद संख्या | योग्यता |
|---|---|---|---|---|---|
| १ | ०१-२०८२/०८३ | मनोसामाजिक परामर्शकर्ता | पाँचौ तह | १ (एक) जना | ➢ मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ/नर्सिङ्ग/मनोविज्ञान/सोसिएल वर्कमा स्नातक तह/ स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उत्तीर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको।<br>➢ मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाण-पत्र प्राप्त गरेको र सोही क्षेत्रमा काम गरेको अनुभवी तथा महिला उम्मेदवारलाई प्राथमिकता दिइनेछ।<br>➢ कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान तथा अनुभव (Word, Excel, Power point, Email / Internet आदी भएको) नेपाली र अंग्रेजी दुवै भाषामा प्रतिवेदन तयार गर्न सक्ने।<br>**SaMi कार्यक्रम अन्तर्गत कार्यरत मनोसामाजिक परामर्शकर्ताको सन्दर्भमा:**<br>➢ कम्तिमा प्रवीणता प्रमाणपत्र तह वा १०+२ वा सो सरह उत्तिर्ण गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी सो केन्द्रबाट प्रमाण-पत्र प्राप्त गरेको र केन्द्रको तालिम सूचना व्यवस्थापन प्रणालीमा सुचिकृत भएको। |

१. **सेवा अवधिः** आर्थिक वर्ष २०८२/०८३ सम्मका लागि तथा SaMi कार्यक्रमको आवश्यकता, औचित्यता र कार्य सम्पादन मूल्याङ्कनका आधारमा कार्यालयले आवश्यकतानुसार करार सम्झौता नवीकरण गर्न सक्नेछ।

२. **परिक्षाको किसिमः** स्वीकृत नामावली प्रकाशन, लिखित, प्रयोगात्मक र अन्तर्वार्ता।

३. **पाठ्यक्रम:** मालिकार्जुन गाउँपालिकाको वेबसाइट www.malikarjunmun.gov.np मा राखिएको छ। सोही बमोजिम लिखित तथा प्रयोगात्मक र अन्तर्वार्ता परीक्षा सञ्चालन हुनेछन। परीक्षाको मिति, समय र स्थान बारे सूचना पछि प्रकाशन गरिनेछ।

४. **उमेर हदः** दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको।

५. **आवश्यक कागजातहरुः** माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले नेपाली नागरिकता वा राष्ट्रिय परिचय पत्रको प्रतिलिपी, न्यूनतम तथा सम्पूर्ण शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपी, सरकारी तथा गैर सरकारी निकायबाट जारी भएको अनुभवसँग सम्बन्धित प्रमाणपत्रको प्रतिलिपी, कम्प्युटर सम्बन्धी तीन महिनाको आधारभूत तालिम प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपी र पासपोर्ट साईजको फोटो २ प्रति। उल्लेखित कागजातहरुलाई स्वयं प्रमाणित गरी आफूले आवेदन दिन चाहेको पद प्रष्ट रुपमा खुलाई हस्तलिखित निवेदन सहित गाउँपालिकाको प्रशासन शाखामा पेस गर्नु पर्नेछ।

६. **आवेदन शुल्कः** रु. ५००/- (अक्षरुपीः पाँच सय मात्र) जम्मा गरेको बैंक भौचर (माछापुच्छ्रे बैंक, शंकरपुर, पस्ती, दार्चुलामा रहेको आन्तरिक राजस्व खाता नं. ०८९००६७४४९६००११५ मा जम्मा गरेको) संलग्न गर्नुपर्नेछ।

७. **सेवा सुविधा तथा अन्यः** सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम (चौथो चरण) सञ्चालन मार्गदर्शन, २०८१ मा उल्लेख भएबमोजिम।

८. **दरखास्त दिने अन्तिम मितिः** सूचना प्रकाशित भएको मितिले १५ दिन सम्म कार्यालय समय भित्र (मिति २०८२/०५/३१ गतेभित्र)।

**नोटः-** दरखास्त पेस गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिनको कार्यालय समयभित्र दरखास्त पेस गर्नुपर्नेछ।

Website:-www.malikarjunmun.gov.np Email:-mrmdarchula@gmail.com
Facebook: facebook.com/mrmdarchula Contact: ९८५८७८४५१३, ९८५८७८४५१२